**JCE7 टोकाई घोषणा**
**[अन्त्य] बाट [शुरूवात गरिने] हाम्रो प्रार्थना**

*संचालक र मण्डलीले आलोपालो गरेर प्रार्थना गर्दछ, र "संगै" लेखिएको ठाऊँमा सँगै प्रार्थना गरिनेछ।

**1. "अन्त्य" लाई देख्न सकियोस्**

・ चाँडै नै महिमाका राजाको रूपमा आउनुहुने, स्वर्ग र पृथ्वीलाई नयाँ तुल्याउनु हुने संसारको तारणहार परमेश्वर।

・ हामी, बाइबलीय विश्वासमा अडिग रहेका जापानका चर्चहरू, क्योतो (Kyoto) सम्मेलनदेखि कोबे सम्मेलनसम्मका ६वटा सुसमाचारीय सम्मेलनहरू मार्फत मिसनहरूमा हाम्रो सहयोगलाई अझ गहिरो बनाएकामा र जापान र विदेशमा सुसमाचारीय मिशनमा भाग लिएकामा हामी आभारी छौं। हामी विश्वास गर्छौं कि मिसनहरूका प्रभु स्वयंले उहाँको कामलाई अगाडि बढाउनुहुनेछ, र हामी परमप्रभुमा भरोसा राख्दै यो प्रार्थना हजुरको सामने अर्पण गर्दछौं। (टिप्पणी १)

・ हाल हामी "अन्त्य"को समयमा खडा छौं। एउटा जाति अर्को जातिको विरुद्धमा, एउटा राष्ट्र अर्को राष्ट्रको विरुद्धमा उठिरहेको छ, र शान्ति खतरामा परेको छ। ठुल्ठूला भूकम्प, भयानक अनिकाल र अज्ञात महामारीहरू भइरहेका छन्।

・ पर्यावरणीय विनाश द्रुत गतिमा भइरहेको छ, र प्रकोपहरू अझ गम्भीर हुँदै गइरहेका छन्। संसारभरि भइरहेको सतावट र द्वन्द्वहरू पनि भयावह छन्। सबै प्रकारका विभाजनहरूले संसारलाई घेरेको छ, र सम्पूर्ण संसार व्यापक असमानता, गरिबी, र नैतिक भ्रष्टताले सारा विश्व आर्तनाद गरिरहेको छ। (टिप्पणी २)

・ चर्चहरूले सामना गरिरहेका कठिनाइहरू पनि बहुआयामिक र गम्भीर छन्। धेरै चर्चहरू वृद्ध अवस्थामा छन्, र पूर्णक़ालीन सेवकहरको संख्या घट्दै गइरहेको छ। एकै पास्टरले धेरैवटा मण्डलीहरूको रेखदेख गर्नु परेको छ, पास्टर-रहित चर्चहरु बढीरहेका छन्, चर्चहरू समायोजन(merge) र बन्द हुँदैछन्, र जतिले सेवा गरि रहेका छन्, ती सेवकहरुको हतोत्साहित हुने क्रम जारी छ।

・ कोरोनाभाइरस रोग 2019 (COVID-19) महामारीले संगतिका चुनौतीहरू र आर्थिक कठिनाइहरूलाई निमत्याएको छ। यसबाहेक, कति परिवारहरू झूटो शिक्षाका कारण विभाजित भएका छन्, अनि कति मानिसहरू मानसिक र शारीरिक रुपमा पीड़ित छन्।

・ सबै: हे प्रभु, हामीमाथि पठाइएको यो समयको वास्तविकतालाई अनदेखी नगर्नका निम्ति हामीलाई सहायता गर्नुहोस्। पवित्रआत्मा परमेश्वरद्वारा तलाश गरिन र सिकाइन, अनि प्रभुमा पश्चात्ताप र भरोसामा ज़िउन सहायता गर्नुहोस्। हामी "अन्त्य"का दिनहरूको दर्शनलाई हेर्दछौं र आशाका साथ तपाईंको सेवा गर्दछौं। प्रभु, हामीमाथि दया गर्नुहोस्।

**2. हाम्रो पदीय तहलाई मेटाई मिसन-सहकार्यको "शुरूवात गर्न" सकियोस्**

・ हे सृष्टिकर्ता परमेश्वर जसले हामीलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो

・ परमेश्वरले नै मानिसहरूलाई जीवन दिनु भएको कारण यस संसारमा जन्मेका प्रत्येकले सुसमाचार सुहाउंदो तरिकाले आत्मसम्मानका साथ जिउन सकून्।

・ हामी ती बालबालिकाहरूसम्म पुग्न सकौं जो आफ्नो विचारलाई व्यक्त गर्न नसकेका कारण घर तथा विद्यालयमा पिडित भइरहेका छन्।

・ जवान मानिसले प्रभुलाई चिनून् र तिनीहरूको ईश्वरीय मौलिकता र मूल्यमा स्वस्थ रुपमा हुर्कन सकून। अध्ययन गर्दै गर्दा होस् या काम गर्दै गर्दा होस् या खेल खेल्दै गर्दा होस्, तिनीहरूले परमप्रभुको महिमा गरून्। तिनीहरू विश्वासीहरूको संगतिको प्रशस्ततामा, बाइबलले बताएका आशामा ज़रा गड़िएका भई जिउन सकून्, अनि तिनीहरूको जीवन पर्यन्त परमेश्वरको साँचो सम्बन्धमा जिउन सकून्। (टिप्पणी ३, ४)

・ अविवाहिततामा डोर्याइएकाहरू अनि विवाहितहरू दुवैले उनीहरूलाई दिइएका आशिषहरू बाइबलबाट सिक्न सकून्, अनि आफ्नो वरदानलाई प्रयोग गरिकन प्रभुमा रहेको आनन्दमा हिंडन सकून्। परिवारहरू परमेश्वरको प्रेममा निर्माण हुन सकून्, र परिवारका प्रत्येक सदस्य हिंसा र दुर्व्यवहार लगायत सबै खतराहरूबाट जोगिन सकून्, र तिनीहरू आशिषहरूमा आनन्दित हुन सकून्।
・ उमेर पुगेकाहरूले अनन्त जीवनको आशाका साथ विभिन्न परिवर्तनहरू स्वीकार गर्न सकून्, र "बाह्य आत्म" नष्ट हुँदै गए पनि "भित्री आत्मा" दिन प्रतिदिन नवीकरण हुँदैछ भनी सम्झेर हिँड्न सकून्। (टिप्पणी ५)

・ चर्चमा यस्ता व्यक्तिहरू छन् जो पूर्वाग्रह, भेदभाव र समझको कमीबाट पीडित छन्, जस्तै लैंगिक अल्पसंख्या, परदेशी, घरबारविहीन, र गम्भीर रोग वा मानसिक र शारीरिक "अपाङ्गता" भएका मानिसहरू। तिनीहरूको विलाप र संघर्षहरू सुनेर, र एकअर्काको कमजोरीहरू सहेर, हामी ख्रीष्टको शक्तिले ढाकिएको मण्डली बनौं। (टिप्पणी ६)
・ साधारण विश्वासी र अगवाहरूले एक साथ मिलेर प्रभुको चर्च निर्माण गर्न, तिनीहरूको भूमिकामा भिन्नताहरू बुझ्न, सम्मान गर्न र एकअर्काको व्यक्तित्वलाई समर्थन गर्न सँगै काम गरून्। साथै, हामी यस कुरामा विस्वस्त हुन सकौं कि प्रत्येक विस्वासी जो विस्वासद्वारा जिउंदछ, उसको कार्यस्थल, समुदाय र घर सहित हरेक क्षेत्रमा परमेश्वरको राज्यको लागि उपयोगी हुन सकोस। (टिप्पणी ७)

・ सबै: मण्डलीसँगको संगतिमा पाइने जिउनुको आनन्दलाई जानिकन र आपसी आदर-मान गरिकन हामी हाम्रा पदवीबाट माथि उठ्नेछौं र सुसमाचार बांडनेछौं जसद्वारा हरेक स्तरमा सुसमाचार पुग्नेछ। प्रभु, हामीलाई बुद्धि र मिशनकार्यहरूका लागि कहिल्यै अन्त्य नहुने जोश, दुवै प्रदान गर्नुहोस्।

**3. हाम्रा सम्प्रदायहरू भन्दा बाहिरकाहरूसँग मिसन-सहकार्यको "शुरूवात" गर्न सकियोस्**
・ उद्धारकर्ता परमेश्वर, जसले हामीलाई उहाँको मण्डलीमा जोड्नु भएको छ जसको शिर ख्रीष्ट हुनुहुन्छ अनि हामी चाहिं उहाँको शरीरको अंगहरू।
・ मण्डलीले परमप्रभुलाई सत्यतामा मात्र आराधना गरुन्, र उहाँको नाममा विश्वासयोग्य भई सुसमाचार प्रचार, शिक्षण र सेवकाईको काममा संलग्न हुन सकून्, ताकि हामी प्रेमिलो संगतिमा रहन सकौं। (टिप्पणी ८)

・ चर्चको इतिहासलाई अध्ययन गरिहेर्दा, हामीलाई के परिवर्तन गर्नुपर्छ र के परिवर्तन गर्नु हुँदैन भनेर बुझ्न मद्दत गर्नुहोस्। विगतमा, जापानका धेरैजसो चर्चहरूले सम्प्रदायहरूभन्दा बाहिर रहेर, युद्धमा सहभागीता जनाएको कारण पाप गरेका छन् र दोषी छन्। सम्राटलाई ईश्वरको रूपमा हेरिकन मूर्तिपूजा गरेका छन्, र अन्य एसियाली राष्ट्रहरूमा मानिसहरूलाई देवतास्थानहरूमा दण्डवत गर्न बाध्य पार्ने सरकारको ज़्यादतीलाई समर्थन गरिकन पाप गरेका छन् र दोषी छन्। हामी हाम्रा पापहरूको पश्चात्ताप गर्दछौं।

・ हामीले हाम्रो समयको राजनैतिक अवस्थालाई चनाख़ो भई हेर्न सकौं, सरकारको लागि मध्यस्थता गर्न सकौं , र येशू ख्रीष्टको क्रसको क्षमा र उहाँको पुनरुत्थानको शक्तिद्वारा उहाँको शुद्धतामा जिउन सकौं। हाम्रा लुकेका पापहरूलाई प्रकट गराउनुहोस् र हामीलाई मूर्तिपूजाको परीक्षामाथि विजयी हुन सहायता गर्नुहोस् जुन विभिन्न स्वरूप लिएर आउने गर्दछन्। (टिप्पणी ९)

・ जसरी हामीलाई लुजान अभियान (Lausanne Movement) मार्फत आग्रह गरिएको छ, हामी हाम्रा "वचन" र "कामहरू" मार्फत येशू ख्रीष्टको गवाही दिन र संसारभर सुसमाचार फैलाउन चाहन्छौं।

・ चर्चहरूले पूर्वी जापानको महाभूकम्प र जापानका विभिन्न भागहरूमा प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रमा आफ्नो काम जारी राखेको छ। पृथ्वीमा मण्डलीको मिशन भनेको त्यहाँको पीडालाई आत्मसात गर्न र सम्प्रदायभन्दा माथि उठिकन आवश्यक सहकार्य गर्नका लागि ज़ोरदार रुपमा हामीलाई सिकाइएको छ।

・ **सुसमाचारको** बृहत् बुझाई हामी माझ गहिरो होस् र हामी हाम्रो सामाजिक दायित्व पूरा गर्न सँगै काम गर्न सकौं।
・ चर्चका सम्पूर्ण कार्यहरू इसाईहरूको विविध सेवकार्यहरूद्वारा प्रभावशाली हुन सकेकोहोस्, ताकि परमेश्वरको राज्य सबै क्षेत्रमा परिपूर्ण होऊन्, अनि सुसमाचारको काम अगाडि अगाडी बढ़न सकोस ।
・ सबै: एकअर्काको सेवा गर्न अनि एकले अर्कोबाट सिक्नका लागि प्रभु, हामी साम्प्रदायिक, मण्डलीहरूको,, सेवकार्यहरूको सीमा भन्दा माथि उठ्दछौं, र एउटै शरीर, चर्चको रूपमा मिसनहरूमा सँगै काम गर्दछौं। हामीलाई प्रेमले भरिदिनुहोस् र हामीलाई नम्र हृदय दिनुहोस्। (टिप्पणी १०)

**4. भौगोलिक क्षेत्रहरू भन्दा माथि उठिकन मिसन सहकार्यको "सुरुवात" गर्न सकियोस्**
・ सार्वभौम परमप्रभु, जसले प्रेम गर्नुहुन्छ, जीवन दिनुहुन्छ, अनि जापान र संसारभरि बस्ने हामी प्रत्येकको वास्ता राख्नुहुन्छ
・ हामी आफ्नो क्षेत्रको इतिहास, संस्कृति, र रीतिरिवाजहरू बुझ्न सकौं, र मानिसहरूको जीवनलाई सम्मान गर्दै जाति -जातिका मानिसहरूको हृदय र वास्तविकता सम्म पुग्ने वचनहरू बोल्न सकौं।

・ स्थानीय संस्कृतिमा सुसमाचारको स्वाँस फुक्नुहोस् र प्रभुमा नयाँ संस्कृतिको निर्माणको ख़ातिर र परमेश्वरको राज्यको परिपूर्णताको लागि हामीलाई सुसज्जित पार्नुहोस् अनि चलाउनुहोस्।
・ हामी विभिन्न परम्परागत मिसन-कार्यविधि र ढाँचामा बाँधिएको नबाँधिएक हुन सकौं, तर के कुरालाई निरन्तरता दिने, के कुरालाई त्याग्ने अनि के नयाँ पहलहरूको चुनौतीलाई स्वीकार गर्ने भन्ने विषयमा असल प्रकारले निर्णय गर्न सकौं। (टिप्पणी ११)

・ हामी पूर्वाग्रही विचारबाट स्वतन्त्र हुन सकौं, र हामी लचिलो हुन सकौं अनि स्थानीय संस्कृतिमा सुसमाचारलाई सान्दर्भिककरण गर्न हाम्रो पहलमा साहसी बन्न सकौं, ताकि विश्वलाई आशिष ल्याउने चर्चहरू निर्माण गर्न सकौं।

・ क्षेत्रीय बाधाहरू, विशेष गरी जापानमा "शहरी" र "ग्रामीण" बाधाहरू भन्दा माथि उठिकन मण्डलीलाई सिकाइएका शिक्षाहरू बांड्ने कुरामा र आफूले पाएको आशिषहरू बांड्ने कुरालाई लक्ष

बनाई निरन्तर अभ्यास गरि रहनेछौं।

・ कठिन परिस्थितिहरूमा चर्चहरू र मिसन संस्थाहरूको सुरक्षा गरिदिनुहोस्! हामीलाई छुट्टिएर रहन नदिनुहोस्, तर एक-अर्कालाई प्रार्थना र भेटीद्वारा सहायता गर्ने, र संगति गर्ने तुल्याउनुहोस्, अनलाइनद्वारा पनि!!
・ अरुभन्दा पनि, कति मानिसहरू र क्षेत्रहरू छन् जो प्राकृतिक प्रकोपबाट प्रभावित र कठिन परिस्थितिमा छन्। फुकुसिमा र अन्य ठाउँहरूको गहिरो पीड़ा र मौन आवाजहरूलाई ध्यानपूर्वक निरन्तर सुन्नेछौं। (टिप्पणी १२)

・ सबै: वास्तविकतालाई बेवस्ता गर्ने वा पराईको समस्या भनी अनदेखी गर्ने काम हामीबाट हुन नदिनुहोस्।बरु, बरु, विपदबाट प्रभावित भएकाहरूसँगै हिँड्ने भावना, भविष्यका प्रकोपहरूका लागि तयार रहने भावना अनि आफ्नो क्षेत्रभन्दा बाहिर पनि सहभागी हुने भावना दिनुहोस्!

**5. संस्कृतिभन्दा बाहिरको मिशन सहयोग "सुरुवात गर्न" सकियोस्**
・ हे परमेश्वर, मेलमिलापको प्रभु, जसले संसारको हरेक कुनामाथि दृष्टि लगाउनुहुन्छ र प्रत्येक संस्कृतिलाई अधिकतम परिपूर्ण गराउनुहुन्छ
・ युक्रेन लगायत विश्वका अन्य धेरै भागहरूमा चलिरहेको युद्धहरू छन्। प्रभु, शान्ति ल्याउनुहोस्। हामी आफैभित्र पनि कलह सृजना गर्ने हाम्रो आफ्नै स्वभावलाई थाहा गर्न सकौं र हामी मेलमिलाप गराउनेहरू बन्न सकौं।

・ धन हुनेहरू झन् धनी हुँदै गइरहेका छन्, र गरिबहरू झनझन गरिब हुँदैछन्। एउटा यस्तो संसार बनाउन सकौं जहाँ भोक र शोषण हुनेछैन, अनि जहाँ हामी एकअर्कालाई साथ-सहयोग, समर्थन र बाँडचुड गर्दछौं। (टिप्पणी १३)

・ विज्ञान र प्रविधिको विकाससँगै, अकल्पनिय समस्या र नयाँ क्षतिहरूको बृद्धि भईरहेको छ। हामी साँचो अर्थमा परमेश्वरको भय मान्न सकौं अनि बाइबलीय नैतिकता र जीवनलाई तुच्छ ठान्ने काम नहोस्। बरु, विज्ञान र प्रविधिलाई प्रभुमा सदुपयोग गर्न सकौं र मानव जीवनको सुधारमा योगदान पुर्याउन सकौं! (टिप्पणी 14)

・ परमेश्वरले सृष्टि गर्नुभएको सुन्दर संसार पाप र भ्रष्टताको प्रभावमा आर्तनाद गरिरहेको छ। हाम्रो लोभको पापका लागि हामीलाई क्षमा गर्नुहोस्। सृष्टि गरिएको यस संसारमा तपाईंको नियमलाई पुनर्स्थापना गर्न, विश्वव्यापी उच्च तापक्रम (Global Warming) र पर्यावरणीय विनाशलाई रोक्न, र सबै प्राणीहरू सुमधुर सम्बन्धमा रहन सकून् भन्नाका लागि हामीलाई भण्डारेको रूपमा प्रयोग गर्नुहोस्। यही सुसमाचार-प्रचार विषयक ७औं जापान महासभा (Japan Congress)लाई नै पर्यावरणीय संरक्षणलाई मूर्तरूप दिलाउन मण्डलीबाटको प्रयासका लागि मार्ग तयार हुन सकेको होस्।

・ प्रभु, हामी विभिन्न विश्वव्यापी मुद्दाहरूलाई सम्बोधन गर्न सीमाना र संस्कृतिहरू भन्दा माथि उठिकन काम गर्नेछौं। (टिप्पणी १५)

・ यो गर्नको लागि, हामी पहिले विदेशमा रहेका जापानी चर्चहरू र जापानमा विदेशी भाषा/बहुभाषी

चर्चहरू, साथै सबै प्रकारका काममा संलग्न मिसनरीहरूबीच साझेदारी र सहयोगलाई प्रवर्द्धन गर्नेछौं।
・ हामी विदेशबाट जापान आएका हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूलाई स्वागत र सम्मान गर्दछौं। आपसी आदर सहित, हामी एकअर्काको भिन्नताबाट सिक्नेछौं, बहुसांस्कृतिकताको लागि खुला चर्चको रूपमा सँगै काम गर्नेछौं, र विश्वभर विस्तार हुने मिसनहरूको जिम्मावारी लिनेछौं।

・ सबै: हाम्रो सेवाकार्य तपाईं कै मिसनको अंश हो। हामी हाम्रो क्षमताले सक्दो परिश्रम गर्नेछौं, यो निश्चयतामा कि तपाईंले नै यसलाई शुरूवात गरी पूर्णता दिलाउनु हुनेछ। हामीलाई तपाईंको दृष्टिकोण दिनुहोस्।

**6. "अन्त्य" बाट "सुरु**वात" गर्न **सकियोस्**

・ हे प्रभु, हामी धेरै कठिन परिस्थितिहरूको सामना गरिरहेका छौं। तर हामीले प्रभुमा आशा हारेका छैनौं। हामी आफ्ना आँखा उठाउँदछौं र प्रभुको दोश्रो आगमनको दिनलाई प्रतीक्षा गर्दछौं।

・ "यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। तिनीहरू उच्च सोरले कराए:

“सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।” (प्रकाश ७:९-१०)

・ यही आशाका कारण, पदको घेरा, सम्प्रदायिक घेरा , क्षेत्रिय घेरा, र सांस्कृतिक घेरालाई मेटाएर हामी यो "अन्त्य" को ठाउँबाट "सुरुवात" गर्दछौं। हाम्रो यो मिसनको सहकार्यमाथि आशिष राखिदिनुहोस्!
・ “हेर, म एउटा नयाँ कुरो गर्दैछु! त्यो अब हुन आउँछ। के तिमीहरू त्यो देख्दैनौ? म मरुभूमिमा एउटा बाटो र रूखो जमिनमा खोलाहरू बनाउँदैछु।(यशैया ४३:१९)

・ सबै: धन्यवाद र प्रत्याशाका साथ, हामी हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्दछौं। आमेन।